# पाठ १

# यूहन्ना १

**यस पाठमा तपाईंले यी विषयहरूको अध्ययन गर्नुहुनेछ. . .**



यूहन्ना नाम गरेका मानिसद्वारा सुसन्देश (सुसमाचार)
- यूहन्नाले सुसमाचार सिक्छन्
- यूहन्नाले सुसमाचार बाँड्छन्

जीवनको वचन
- अनन्त वचन
- ज्योति र जीवन
- वचन मानिस बन्नुभयो

बप्तिस्मा-दिने यूहन्नाको सन्देश
परमेश्वरको थुमा
येशूका पहिला चेलाहरू
येशूले फिलिप र नथानेललाई बोलाउनुहुन्छ





## यूहन्ना नाम गरेका मानिसद्वारा सुसमाचार

### यूहन्नाले सुसमाचार सिक्छन्

करीब २००० वर्ष पहिले यूहन्ना नाम गरेका एक जवान जलाहारीले येशू भनिने गुरुको पछि लाग्नका लागि आफ्ना डुङ्गा र जालहरू छोड़ेका थिए। साढ़े तीन वर्षसम्म उनी र अरू एघार जना मानिसहरू येशूसँग पालेस्टाइन देशमा एउटा शहरबाट अर्को शहरमा गएका थिए। तिनीहरू उहाँका चेलाहरू वा विद्यार्थीहरू थिए।

परमेश्वर र सबै मानिसहरूका निम्ति भएको उहाँको प्रेमको बारेमा येशूले सिकाउनुभएका पाठहरूलाई यूहन्ना र अरू चेलाहरूले बड़ो राम्रोसँग सिकेका थिए। यूहन्नाले येशूलाई राम्रोसँग चिनेका थिए। उनी उहाँका नजीकका मित्र थिए।

यूहन्ना र अरू चेलाहरूले येशूबाट सुसन्देश सिकेका थिए, जसलाई हामी सुसमाचार भन्छौं। सुसमाचारको अर्थ सुसन्देश वा असल समाचार हो। येशू परमेश्वरका पुत्र हुनुहुन्छ भनी तिनीहरूले सिके।

पुरुषहरू, स्त्रीहरू, केटाहरू र केटीहरूलाई तिनीहरूका पापहरूबाट उद्धार गर्न र तिनीहरूलाई अनन्त जीवन दिनका लागि येशू यस पृथ्वीमा आउनुभयो। पृथ्वीमा भएका सबै

मानिसहरूलाई सुसमाचार बाँड्नू भनी आफू स्वर्ग फर्कनुभन्दा पहिले येशूले आफ्ना चेलाहरूलाई भन्नुभयो।

उहाँले तिनीहरूलाई सिकाउनुभएका सबै थोक याद गर्नका लागि पवित्र आत्माले चेलाहरूलाई सहयोग गर्नुहुनेछ भनी येशूले प्रतिज्ञा गर्नुभयो। अरूहरूसँग सुसमाचार बाँड्नका लागि पवित्र आत्माले तिनीहरूलाई सहयोग पुऱ्याउनुहुनेछ।

## तपाईंको अभ्यासको निम्ति

तलका अभ्यासहरूमा ठीक उत्तरको अगाडिको अक्षरमा घेरा लगाउनुहोस्।

१ येशूका चेला यूहन्ना को थिए?

क. बप्तिस्मा-दिने यूहन्ना

ख. येशूको नजीकका मित्र बनेका जलाहारी

ग. गालीलबाटका सिकर्मी

२ यूहन्ना कति लामो समय येशूसँग बसे र उहाँको शिक्षण सुने?

क. साँढ़े तीन हप्ता

ख. साँढ़े तीन महीना

ग. साँढ़े तीन वर्ष

३ *सुसमाचार*को अर्थ के हो?

क सुसन्देश

ख. परमेश्वरको बारेको सन्देश

ग. ख्रीष्टको जीवन

यस पाठको अन्तमा दिइएका उत्तरहरूसँग तपाईंका उत्तरहरू जाँच्नुहोस्।

## यूहन्नाले सुसमाचार बाँड्छन्

आफूले येशूबाट सिकेका सुसमाचार बताउनका लागि यूहन्नाले आफ्नो पूरै जीवन बिताएका थिए। उनी वृद्ध भएपछि सुसमाचार लेख्नका लागि परमेश्वरले उनलाई अह्राउनुभएको थियो। यसका प्रतिलिपीहरू बनाएर संसारभरिका मानिस-हरूकहाँ पुऱ्याउनुपर्ने थियो। यूहन्नाले त्यस बेलाका मानिस-हरूसँग र अहिले हामीसँग पनि सुसमाचार बाँडिको परमेश्वर चाहनुहुन्थ्यो।

यूहन्नाले वास्तवमा के लेख्नुपर्ने हो भन्ने सम्बन्धमा परमेश्वरले उनलाई थाहा दिनुभएको थियो। येशूले भन्नुभएका शब्दहरूलाई पवित्र आत्माले उनको सम्भनामा ल्याउनुभएको थियो। येशूले बडो होशियारपूर्वक उनलाई सिकाउनुभएका महत्त्वपूर्ण सत्यताहरूलाई उनले लेखेका थिए। यूहन्नाले यी सत्यताहरूलाई नयाँ करारको पुस्तकमा रेकर्ड गरेका छन्, जुन पुस्तकलाई उनको नामद्वारा चिनिन्छ। यसलाई हामी यूहन्नाको सुसमाचार भनी जान्दछौं।

यसरी नै अरू चारवटा पुस्तकहरू लेख्नका लागि पवित्र आत्माले यूहन्नालाई प्रेरणा दिनुभएको थियो। तीमध्ये तीनवटा चाहिँ पत्रहरू थिए। एउटाचाहिँ भविष्यमा हुने घटनाहरूको सम्बन्धमा भएको प्रकाश थियो। बाइबलमा प्रेरणाका अन्य पुस्तकहरूसहित यी पाँचवटा पुस्तकहरू हामीसँग छन्।

मानिसहरूले बुझ्ने ग्रीक भाषामा यूहन्नाले आफ्नो पुस्तक लेखेका थिए। हामीले ग्रीक भाषा नबुझ्ने हुनाले बाइबललाई हाम्रो नेपाली भाषामा अनुवाद गरिएको छ।

## तपाईंको अभ्यासको निम्ति

ठीक उत्तरको अगाडिको अक्षरमा घेरा लगाउनुहोस्।

**४** आफूले प्रत्येक व्यक्तिसँग बाँड्नुपर्ने सुसमाचार यूहन्नाले कहाँ सिकेका थिए?

**क**. येशूबाट

**ख**. खबरपत्रमा

**ग**. आफ्ना आमा-बाबुबाट

**५** येशूको जीवनको बारेमा भएको आफ्नो पुस्तक यूहन्नाले कहिले लेखेका थिए?

**क**. उनी जवान मानिस भएर येशूसँगै यात्रा गर्दा।

**ख**. उनले धेरै मानिसहरूलाई येशूको बारेमा सिकाइसकेपछि उनी वृद्ध मानिस हुँदा।

**ग**. येशूलाई चिन्नुभन्दा पहिल्यै उनी जलाहारी हुँदा।

**६** हामीसँग नयाँ करारमा भएका आफ्ना पाँच पुस्तकहरूमा के लेख्नुपर्ने हो भन्ने कुरा यूहन्नालाई कसरी थाहा भयो?

**क**. उनले के लेख्नुपर्ने हो भन्ने कुरा पवित्र आत्माले उनको मनमा राखिदिनुभयो।

**ख**. येशूको बारेमा लेखिएका अरू पुस्तकहरू पढेर उनले प्रेरणा पाएका थिए।

**ग**. समितिले यस सम्बन्धमा योजना बनाएको थियो।

तपाईंका उत्तरहरू जाँच्नुहोस्।

## जीवनको वचन

यूहन्ना १:१-१८ पढ्नुहोस्।

तपाईंको बाइबलमा यूहन्ना १ अध्यायको १-देखि १८ पदलाई 'वचन देहधारी हुनुभयो' भन्ने शीर्षक दिइएको छ, तर यसलाई "जीवनको वचन" भन्ने शीर्षक पनि दिन सकिन्छ।

यी पदहरू अति नै महत्त्वपूर्ण छन्, किनकि वास्तवमा येशू को हुनुहुन्छ र उहाँ किन यस पृथ्वीमा आउनुभयो भन्ने कुरा यी पदहरूले हामीलाई सिकाउँछन्। यूहन्नाले आफ्नो पुस्तकको परिचयको निम्ति ती लेखेका थिए। यी शुरूका पदहरूमा हामीसँग भएका सत्यताहरूलाई नै यूहन्नाको सुसमाचारका अरू भागहरूले व्याख्या गरिदिन्छन्।



### अनन्त वचन

यूहन्ना १:१-३ लाई पढ्नुहोस्।

हामीले के विचार गरिरहेका छौं भन्ने कुरा हाम्रा शब्दहरूबाट नै हामी मानिसहरूलाई जानकारी गराउँछौं। परमेश्वरले विचार गर्नुभएको कुरालाई हामी दुइ प्रकारले जान्न सक्छौंः उहाँको लिखित वचन बाइबलद्वारा र परमेश्वरको बारेमा हामीलाई बताउन यस पृथ्वीमा आउनुहुने परमेश्वरका पुत्र येशूद्वारा। येशूचाहिँ परमेश्वरका जीवित वचन हुनुहुन्छ। १४ पदले

बताएको छ कि वचनचाहिँ मानव बन्नुभयो। येशूलाई वचन भनिएको छ, किनकि उहाँद्वारा परमेश्वर हामीसँग बोल्नुहुन्छ।

> "तर यी आखिरी दिनहरूमा परमेश्वर आफ्ना पुत्रद्वारा हामीसँग बोल्नुभएको छ" (हिब्रू १:२)।

यूहन्ना १:१-३-बाट हामी सिक्छौं कि शुरूबाट नै येशूचाहिँ परमेश्वरसँग हुनुहुन्थ्यो। येशू परमेश्वर हुनुहुन्छ। यसको अर्थ त्यहाँ दुइवटा परमेश्वरहरू छन् भन्ने हुँदैन। त्यहाँ एक मात्र परमेश्वर हुनुहुन्छ तर उहाँ त्रित्वमा प्रकट हुनुभएको छ– एकमा तीन व्यक्तिहरू। परमेश्वरचाहिँ पिता, पुत्र र पवित्र आत्मा हुनुहुन्छ। प्रत्येकले गर्नुपर्ने विशेष काम छ। उहाँहरूले सधैँभरि एकसाथ काम गर्नुभएको छ।

पिता परमेश्वर, पुत्र परमेश्वर र पवित्र आत्मा परमेश्वर सधैँभरि हुनुहुन्छ। उहाँहरू अनन्त हुनुहुन्छ र कुनै शुरू वा अन्त नै छैन। येशू यस पृथ्वीमा जन्मनुभयो र उहाँलाई परमेश्वरका पुत्र भनियो, तर उहाँ त्यसभन्दा पहिले पनि सधैँभरि स्वर्गमा हुनुहुन्छ।

पद ३-ले बताउँछ कि उहाँद्वारा नै अर्थात् येशूद्वारा नै सबै थोक बनेका छन्। यस बारेमा हामी बाइबलको अर्को खण्डमा पढ्छौं।

> "स्वर्गमा र पृथ्वीमाथि भएका... सबै थोक उहाँद्वारा नै र उहाँकै निम्ति सृजिएका हुन्" (कलस्सी १:१६)।

हामीले यस संसारमा देख्ने सबै थोकहरूका निम्ति येशूले आफ्नो जीवन दिनुभयो। अनि, आफ्ना पापहरूबाट पश्चात्ताप गरी येशूलाई आफ्ना व्यक्तिगत मुक्तिदाताका रूपमा विश्वास गर्नेहरूलाई येशूले अनन्त जीवन दिनुहुन्छ।

"जससँग पुत्र हुनुहुन्छ, त्यससँग जीवन छ, जससँग परमेश्वरका पुत्र हुनुहुन्न, त्यससँग जीवन हुँदैन" (१ यूहन्ना ५:१२)।

## तपाईंको अभ्यासको निम्ति

ठीक उत्तरको अगाडिको अक्षरमा घेरा लगाउनुहोस्।

**७** येशूलाई "वचन" भनिएको छ, किनकि
- **क.** उहाँद्वारा परमेश्वर हामीसँग बोल्नुहुन्छ।
- **ख.** उहाँले सुसमाचार प्रचार गर्नुभयो।
- **ग.** उहाँको बारेमा हामी पुस्तकमा पढ्छौं।

**८** येशूको जीवन कहिले शुरू भयो?
- **क.** बालकको रूपमा बेतलेहेममा उहाँ जन्मनुहुँदा।
- **ख.** उहाँको जीवनको शुरू कहिल्यै भएको छैन, उहाँ अनन्त हुनुहुन्छ।
- **ग.** परमेश्वरले पृथ्वीलाई सृष्टि गर्नुहुँदा उहाँलाई पनि सृष्टि गर्नुभएको थियो।

**९** येशूले कस्तो किसिमको जीवन दिनुहुन्छ?
- **क.** संसारमा भएका थोकहरूलाई मात्र उहाँले जीवन दिनुहुन्छ; उहाँद्वारा नै सबै थोक सृष्टि भएका थिए।
- **ख.** उहाँमा भरोसा राख्नेहरूलाई मात्र उहाँले अनन्त जीवन दिनुहुन्छ।

ग. उहाँले स्वाभाविक जीवन र अनन्त जीवन दुवै दिनुहुन्छ; उहाँले संसारलाई बनाउनुभयो र उहाँमा विश्वास गर्नेहरूलाई उद्धार गर्नुहुन्छ।

तपाईंका उत्तरहरू जाँच्नुहोस्।



**ज्योति र जीवन**

यूहन्ना १ : ३-१ ३ लाई फेरि पढ्नुहोस्।

पद ४-ले हामीलाई बताउँछ कि येशूको जीवनले मानिसहरूमा ज्योति ल्याएको छ। कहाँ हिँड्नुपर्ने भनी ज्योतिले हामीलाई देखाएझैं, कसरी जिउनुपर्ने हो भनी येशूले हामीलाई देखाउनुहुन्छ, उहाँले हामीलाई स्वर्गको बाटो देखाउनुहुन्छ।

धेरै मानिसहरूले येशूलाई ग्रहण गर्न चाँहदैनन्। तिनीहरू आफ्नै इच्छाअनुसार अन्धकारमा हिँड्न रुचाउँछन्। तर येशूलाई आफ्ना मुक्तिदाताका रूपमा ग्रहण गर्नेहरूलाई परमेश्वरका सन्तान बन्ने अधिकार दिइएको छ।

हामी परमेश्वरद्वारा सृष्टि गरिएका भए तापनि यसले हामीलाई उहाँका सन्तान बनाउँदैन। हामी सबैले गल्ती गरेका छौं र स्वभावैले हामी पापी छौं। हाम्रा पापहरूले हामीलाई परमेश्वरबाट अलग राख्छ। तर जब हामी येशूलाई हाम्रा मुक्तिदाताका रूपमा ग्रहण गर्छौं, उहाँले हाम्रा पापहरूलाई क्षमा दिनुहुन्छ र हामीमा नयाँ स्वभाव हालिदिनुहुन्छ। उहाँले हामीलाई परिवर्तन गर्नुहुन्छ यसरी हामी अब गल्ती गरिरहँदैनौं। यस ठूलो परिवर्तनलाई हामी हाम्रो नयाँ जन्म भन्छौं। यसद्वारा परमेश्वर हाम्रा पिता बन्नुहुन्छ र हामी उहाँका सन्तान बन्छौं।

हामी आफैले गरेका कुनै कुराहरूद्वारा होइन तर परमेश्वरबाट जन्मेपछि हामी परमेश्वरका सन्तान बन्छौं। हामी स्वाभाविक जन्मद्वारा परमेश्वरका सन्तान भएका होइनौं। तपाईंले यसो भन्नुहोला, "म ख्रीष्टियान भएरै जन्मेको हुँ। मेरा आमा-बाबु ख्रीष्टियानहरू नै थिए! तपाईंका आमा बाबुहरू ख्रीष्टियान हुँदैमा, यसले तपाईंलाई ख्रीष्टियान बनाउँदैन। तपाईं परमेश्वरबाट जन्मनुभएपछि मात्र तपाईं ख्रीष्टियान बन्नुहुन्छ।

**तपाईंको अभ्यासको निम्ति**

ठीक उत्तरको अगाडिको अक्षरमा घेरा लगाउनुहोस्।

**१ ०** येशूलाई "ज्योति" भनिएको छ, किनकि

**क.** बाटोमा कहाँ हिँड्नुपर्ने हो भनी हामीलाई देखाउनका लागि उहाँले बत्ती बोक्नुभएको थियो।

**ख.** कसरी जिउनुपर्छ भनी उहाँले हामीलाई सिकाउनुहुन्छ र स्वर्गतर्फको बाटो हामीलाई देखाउनुहुन्छ।

**१ १** परमेश्वरका सन्तान भनी कहलिने अधिकार कोसँग छ?

**क.** येशूलाई आफ्ना व्यक्तिगत मुक्तिदाताका रूपमा ग्रहण गर्नेहरू।

**ख.** सबै मानिसहरू, किनकि सबै मानिसहरू परमेश्वरद्वारा सृष्टि गरिएका हुन्।

**१ २** हामी कसरी परमेश्वरका सन्तान बन्छौं?

**क.** परमेश्वरको सेवा गर्ने ख्रीष्टियान आमा-बाबुबाट जन्मेपछि।

**ख.** धेरै मण्डलीहरू भएका ख्रीष्टियान देशमा जन्मेपछि।

**ग.** येशूलाई हाम्रा मुक्तिदाताका रूपमा ग्रहण गरी परमेश्वरबाट जन्मेपछि।

तपाईंका उत्तरहरू जाँच्नुहोस्।

## वचन मानिस बन्नुभयो

यूहन्ना १:१४-१८ लाई फेरि पढ्नुहोस्।

संसारको इतिहासमा भएका घटनाहरूमध्ये यो सबैभन्दा ठूलो घटना होः परमेश्वर मानिस बन्नुभयो। उहाँले हामीलाई यति धेरै प्रेम गर्नुभयो कि हाम्रो दण्ड लिनलाई र हाम्रा पापहरूका निम्ति मर्नलाई उहाँ आउनुभयो।

परमेश्वरको रूपमा येशू मर्न सक्नुहुन्नथ्यो। हाम्रो निम्ति मर्नका लागि उहाँमा मानव शरीर हुनु आवश्यक थियो। यसैले येशू बालकको रूपमा बेतलेहेममा जन्मनुभयो। परमेश्वरका पुत्र मानव बन्नुभयो, यसरी उहाँले मानिसहरूलाई परमेश्वरका सन्तान बनाउन सक्नुहुनेछ।

हामीले के गरेको परमेश्वर चाहनुहुन्छ भन्ने कुरा हामीलाई थाहा दिनका लागि परमेश्वरले मोशाद्वारा व्यवस्था दिनुभयो। हामीले परमेश्वरका व्यवस्थाहरूलाई पालन गर्न सकेनौं। हामीलाई मुक्तिदाताको खाँचो छ भन्ने कुरा तिनीहरूले हामीलाई देखाए। ती मुक्तिदाताचाहिँ येशू हुनुहुन्छ। उहाँमा हामीले परमेश्वरको अनुग्रह प्राप्त गर्छौंः हाम्रा पापहरूका निम्ति परमेश्वरको क्षमा र उहाँका सन्तानका रूपमा पूर्ण आशिष्हरूसहितको अचम्मको नयाँ जीवन।

### तपाईंको अभ्यासको निम्ति

ठीक उत्तरको अगाडिको अक्षरमा घेरा लगाउनुहोस्।

**१ ३** येशू किन मानिस बन्नुभयो?

**क.** हाम्रा पापहरूबाट हामीलाई उद्धार गर्नका लागि उहाँ मर्न सक्नुभएको होस्।

**ख.** उहाँले हामीलाई सिकाउन सक्नुभएको होस्।

**ग.** उहाँले हामीलाई चिन्न सक्नुभएको होस्।

## बप्तिस्मा-दिने यूहन्नाको सन्देश

यूहन्ना १:१९-२८ पढ्नुहोस्।

पद ६-देखि १० पदसम्म र १५ पदलाई फेरि पढ्नुहोस्। यी पदहरू सबैले हामीलाई बप्तिस्मा-दिने यूहन्ना अर्थात् परमेश्वरका सन्देशवाहकको बारेमा बताउँछन्। यिनीचाहिँ येशूका चेला यूहन्ना होइनन्।

यूहन्नाले प्रचार गरेका सुन्न ठूलो भीड़ जम्मा भएको थियो। परमेश्वरले पठाउने प्रतिज्ञा गर्नुभएका मुक्तिदाता अर्थात् मसीह वा ख्रीष्ट उनी नै हुन् कि भनी केही मानिसहरूले विचार गरेका थिए। यूहन्नाले तिनीहरूलाई यो कुरा थाहा गराए कि उनी केवल परमेश्वरका सन्देशवाहक मात्र हुन्, र मसीहलाई ग्रहण गर्नका लागि तयार हुनू भनी तिनीहरूलाई बताउनका लागि मात्र उनलाई पठाइएको हो। पश्चात्ताप गर्नू र पापबाट फर्कनू भनी

उनले तिनीहरूलाई चेताउनी दिए। तिनीहरूले त्यसो गरेपछि उनले तिनीहरूलाई बप्तिस्मा दिए।

बाइबल समयमा जब महान् राजा यात्रा गर्थे, आफू आउँदैछु भन्ने कुरा मानिसहरूलाई जानकारी दिनका लागि उनले आफूभन्दा अगाड़ि नै सन्देशवाहकहरूलाई पठाउने गर्थे। यूहन्नाले येशूका निम्ति यही नै काम गरे।

**तपाईंको अभ्यासको निम्ति**

ठीक उत्तरको अगाडिको अक्षरमा घेरा लगाउनुहोस्।

**१४** बप्तिस्मा दिने यूहन्नाले के गरे?

**क**. उनले सुसमाचार लेखे।
**ख**. मसीह आउँदैहुनुहुन्छ भनी उनले मानिसहरूलाई बताए।
**ग**. आफू मसीह हुँ भनी उनले बताए।

## परमेश्वरका थुमा

यूहन्ना १:२६-३४ पढ्नुहोस्

बप्तिस्मा-दिने यूहन्नाले येशूलाई बाल्यकालदेखि नै चिनेका थिए। उहाँहरूका आमाहरूचाहिँ दिदी-बहिनीहरू थिए। परमेश्वरले उनलाई प्रकट नगरिदिउञ्जेलसम्म येशू वास्तवमा को हुनुहुन्छ भन्ने कुरा यूहन्नाले थाहा पाएका थिएनन्। येशू मसीह हुनुहुन्छः पापीहरूका निम्ति बलिदान, पवित्र आत्माले बप्तिस्मा दिनुहुने, परमेश्वरका पुत्र भनी परमेश्वरले यूहन्नालाई देखाउनुभयो।

यूहन्नाले गरेझैं धेरै मानिसहरूले येशूलाई साधारण मानिसका रूपमा विचार गर्छन्। हामी सबैले उहाँलाई व्यक्तिगत रूपमा भेट्नुपर्छ र उहाँलाई अझै राम्रोसँग चिन्नुपर्छ। येशूलाई अझै राम्रोसँग चिन्न यी पाठहरूले तपाईंलाई सहयोग पुऱ्याउनेछन्।

येशूलाई परमेश्वरका थुमा भनिएको थियो, किनकि थुमाहरूचाहिँ पापका निम्ति बलिदान गरिन्थे। पाप गरेर मर्नका निम्ति योग्य भएका मानिसहरूले आफ्ना स्थानमा थुमाको मृत्युलाई ग्रहण गर्नका लागि परमेश्वरसँग बिन्ती गर्थे। हाम्रा पापलाई क्षमा गर्नको निम्ति हाम्रो स्थानमा मर्न परमेश्वरद्वारा पठाइनुभएका थुमा येशू नै हुनुहुन्छ।

**तपाईंको अभ्यासको निम्ति**

ठीक उत्तरको अगाडिको अक्षरमा घेरा लगाउनुहोस्।

**१५** कुन प्रकारमा येशू परमेश्वरका थुमा हुनुहुन्थ्यो?

**क.** उहाँ थुमाजस्तै नम्र हुनुहुन्थ्यो।

**ख.** उहाँ पापको निम्ति बलिदान हुनुहुन्थ्यो।

## येशूका पहिला चेलाहरू

यूहन्ना १:३५-४२ पढ्नुहोस्।

यूहन्नाका चेलाहरूमध्ये दुइ जना येशूसँग गए। एक जनाचाहिँ अन्द्रियास थिए र अर्कोको चाहिँ नाम उल्लेख गरिएको छैन। उनीचाहिँ तपाईंले अध्ययन गरिरहनुभएको सुसमाचारका लेखक यूहन्ना हुन सक्छन्।



अन्द्रियासले पहिले आफ्नो भाइ सिमोनलाई भेट्टाए, जसलाई पत्रुस पनि भनिन्छ। तिनले सिमोनलाई येशूकहाँ ल्याए। अन्द्रियासले भने कि येशूचाहिँ मसीह हुनुहुन्छ भन्ने कुरा उनले विश्वास गरेका छन्। मसीहको अर्थ "ख्रीष्ट" वा "अभिषिक्त जन" हो।

**तपाईंको अभ्यासको निम्ति**

ठीक उत्तरको अगाडिको अक्षरमा घेरा लगाउनुहोस्।

**१६** येशूका पहिला चेलाहरूका नाम लेख्नुहोस्।

**क**. मत्ती, मर्कूस, लूका, यूहन्ना

**ख**. मरियम, योसेफ, नथानेल

**ग**. अन्द्रियास, पत्रुस र सम्भवतः यूहन्ना

## येशूले फिलिप र नथानेललाई बोलाउनुहुन्छ

यूहन्ना १:४३-५१ पढ्नुहोस्।

फिलिप हाम्रा निम्ति एक असल उदाहरण हुन्। उनले नथानेललाई येशूको बारेमा बताए। येशू नै मसीह हुनुहुन्छ भन्ने कुरा शुरूमा नथानेलले विश्वास गरेनन्। हामीले येशूको बारेमा

बताउँदा कोही मानिसहरूले शुरूमा चाहिँ विश्वास गर्दैनन्। फिलिपले नथानेललाई भने, "आएर हेर।"



जब नथानेल आफै हेर्न गए, येशू परमेश्वरका पुत्र हुनुहुन्छ भन्ने कुरामा उनी निश्चित भए। कुनै पनि व्यक्ति ईमानदारी हृदयसाथ प्रार्थनामा येशूकहाँ जब जान्छ, येशू को हुनुहुन्छ भन्ने बारेको सत्यता उसले जान्नसक्छ। येशूले आफैलाई प्रकट गर्नुहुनेछ।

पद ५१-मा येशूले आफैलाई मानिसको पुत्र भन्नुभएको छ। यूहन्नाको सुसमाचारमा तेह्रपल्ट यो नाम प्रयोग गरिएको छ। यसले हामीलाई यही कुराको याद दिन्छ कि परमेश्वरका पुत्रले स्वर्गमा भएको आफ्नो सिंहासनलाई त्याग्नुभयो र उहाँ मानिस बन्नुभयो। उहाँको शरीर हाम्रोजस्तै थियो। उहाँले हाम्रा समस्याहरूलाई बुझ्नुहुन्छ। उहाँ पनि परीक्षामा पर्नुभयो तर उहाँले पाप गर्नुभएन। उहाँले जहिले पनि परमेश्वरको इच्छालाई पूरा गर्नुभयो। परमेश्वरको सहायताद्वारा सिद्ध मनुष्यत्व कस्तो हुन सक्छ भनी मानिसका पुत्रका रूपमा येशूले हामीलाई देखाउनुभयो। अनि मानिसका पुत्रका रूपमा उहाँले परमेश्वरको अगाडि सम्पूर्ण मानव-जातिको प्रतिनिधित्व गर्नुभएको छ। सबै मानव-जातिको निम्ति सट्टाको रूपमा उहाँ मर्नुभयो।

येशू को हुनुहुन्छ भन्ने कुरा बताउँदै यूहन्नाले आफ्नो सुसमाचार शुरू गरेका छन्। यस पहिलो अध्यायमा उनले येशूका यी नामहरूलाई प्रस्तुत गरेका छन्: वचन, येशू, परमेश्वरका थुमा, मसीह, ख्रीष्ट, शिक्षक, परमेश्वरका पुत्र, इस्राएलका राजा, मानिसका पुत्र।

## तपाईंको अभ्यासको निम्ति

१७ यूहन्नाको सुसमाचारको पहिलो अध्यायमा येशूका निम्ति भिन्नाभिन्नै नामहरू प्रयोग गरिएका छन्। तपाईं कतिवटा-लाई भेट्टाउन सक्नुहुन्छ हेर्नुहोस्।

१८ यस अध्यायमा तपाईंलाई सबैभन्दा बढ़ी मन पर्ने पदलाई भेट्टाउनुहोस् र यसलाई कण्ठ गर्नुहोस्।

१९ तपाईंका पापहरूका निम्ति मर्न आउनुभएकोमा येशूलाई धन्यवाद दिनुहोस्। तपाईंसँग बोल्नका लागि उहाँलाई बिन्ती गर्नुहोस् र तपाईंले अझै उहाँलाई चिन्न सक्नुभएको होस्।

२० यस पाठ्यपुस्तक अध्ययन गरिरहने व्यक्तिहरूले पनि येशूलाई अझै चिन्न सकून् भनी तिनीहरूका निम्ति प्रार्थना गर्नुहोस्।

## तपाईंका उत्तरहरूको जाँच गर्नुहोस्

अध्ययन प्रश्नहरूका उत्तरलाई तपाईंले पहिल्यै देख्न नसक्नुभएको होस् भन्ने हेतुले तिनीहरूलाई क्रमिक रूपमा राखिएका छैनन्। तपाईंलाई चाहिने उत्तर मात्र हेर्नुहोस् र त्यसलाई पहिले नै हेर्ने कोशिश नगर्नुहोस्।

९ ग) उहाँले स्वाभाविक जीवन र अनन्त जीवन दुवै दिनुहुन्छ; उहाँले संसारलाई बनाउनुभयो र उहाँमा विश्वास गर्नेहरूलाई उद्धार गर्नुहुन्छ।

१ ख) येशूको नजीकका मित्र बनेका थिए।

१० ख) कसरी जिउनुपर्छ भनी उहाँले हामीलाई सिकाउनुहुन्छ र स्वर्गतर्फको बाटो हामीलाई देखाउनुहुन्छ।

२ ग) साँढे तीन वर्ष।

११ क) येशूलाई व्यक्तिगत मुक्तिदाताका रूपमा ग्रहण गर्नेहरू।

३ क) सुसन्देश।

१२ ग) येशूलाई हाम्रा **मुक्तिदाता**का रूपमा ग्रहण गरी परमेश्वरबाट जन्मेपछि।

४ क) येशूबाट।

१३ क) हाम्रा पापहरूबाट हामीलाई उद्धार गर्नका लागि उहाँ मर्न सक्नुभएको होस्।

५ ख) उनले धेरै मानिसहरूलाई येशूको बारेमा सिकाइसकेपछि उनी वृद्ध मानिस हुँदा।

१४ ख) मसीह आउँदै हुनुहुन्छ भनी उनले मानिसहरूलाई बताए।

६ क) उनले के लेख्नुपर्ने हो भन्ने कुरा पवित्र आत्माले उनको मनमा राखिदिनुभयो।

१५ ख) उहाँ पापको निम्ति बलिदान हुनुहुन्थ्यो।

७ क) उहाँद्वारा परमेश्वर हामीसँग बोल्नुहुन्छ।

१६ ग) अन्द्रियास, पत्रुस र सम्भवतः यूहन्ना।

८ ख) उहाँको जीवनको शुरू कहिल्यै भएको छैन; उहाँ अनन्त हुनुहुन्छ।